## निर्णयहरु :

**निर्णय नं. १**

बिगतमा नगरपालिकाबाट भएका काम कारबाही तथा बिगतका निर्णयको कार्यान्वयनको अवस्थाका बारेमा समिक्षा गरियो ।

**निर्णय नं. २**

नगर कार्यपालिका अन्तरगतको सार्वजनिक सेवा तथा क्षमता विकास समिति र विधेयक समितिका संयोजकहरु क्रमशः श्री विश्व बिजय बस्नेत र श्री नरेन्द्र नाथ अधिकारीको सवारी दुर्घटनामा परी मृत्यु भई उक्त पद रिक्त रहेकोले देहायका पदाधिकारीलाई समितिको संयोजक तोक्ने र उक्त दुबै समितिमा देहाय बमोजिमका एक/एक जना सदस्य थप गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति | – श्री राम सिं चौधरी (संयोजक) |
| | – श्री टिकाराम तिमिल्सेना (सदस्य) |
| (ख) विधेयक समिति | – श्री देब बहादुर बस्नेत (संयोजक) |
| | – श्री टिकादत्त ईटनी (सदस्य) |

**निर्णय नं. ३**

यस नगरपालिका अन्तरगतका वडा नं. ४ र वडा नं. ५ का वडा अध्यक्षहरु क्रमश : श्री नरेन्द्र नाथ अधिकारी र श्री विश्व बिजय बस्नेतको सवारी दुर्घटनामा परी मृत्यु भई उक्त पद रिक्त भएकोले उक्त वडाहरुको दैनिक कार्य सञ्चालनको लागि वडा समितिको सिफारिशमा नगर प्रमुखबाट मिति २०७४/११/९मा कार्यबाहक वडा अध्यक्षको जिम्मेवारी सुम्पीने गरी भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नगर कार्यपालिका अन्तरगतका बिषयगत समितिहरुको कार्य प्रगती तथा आगामी कार्ययोजनाका सम्बन्धमा समितिका संयोजकज्यूहरुको बैठक राखी विस्तृतरुपमा छलफल गर्ने र समितिका क्रियाकलापहरुलाई अझै सशक्त र ठोस कार्ययोजना बनाई अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

कोष तथा लेखानियन्त्रक कार्यालय भरतपुरको मिति २०७४/८/५ च.नं १९८ को पत्रका सम्बन्धमा छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले आफ्नो आयव्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनु पर्नेछ भन्ने व्यवस्था भएको र स्थानीय तहले कानून बमोजिम आफ्नो आयव्ययको आन्तरीकलेखा परीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था भएतापनि आन्तरीक लेखापरीक्षण कुन निकायबाट गराउने भन्ने स्पष्ट नभएकोले, यस नगरपालिकामा आन्तरीक लेखापरीक्षण शाखा स्थापना भैनसकेकोले यस चालु आ.व.२०७४/०७५ देखी कानूनत अर्को व्यवस्था नभए सम्मको लागि यस नगरपालिकाको आन्तरीक लेखा परीक्षण कार्य कोष तथा लेखानियन्त्रक कार्यालय भरतपुरबाट गराउने व्यवस्था मिलाउन नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

राष्ट्रिय अपाङ्ग कोषको मिति २०७४/११/२२ च.नं २३७ को पत्रका सम्बन्धमा छलफल हुँदा उक्त कोषले यस नगरपालिकामा मिति २०७४/१२/५ मा आयोजना गर्न लागेको अपाङ्गका लागि सहायक सामाग्री नापजाँच शिविरमा नगरपालिकाको तर्फबाट आवश्यक समन्वय तथा सहयोग गर्ने र सो शिविर सञ्चालन पश्चात संकलन हुन आएका आवेदन तथा तथ्याङ्कका आधारमा लाग्ने कुल रकमको एकिन गरी नगरपालिकाबाट के कति आर्थिक सहयोग गर्न सकिन्छ त्यस सम्बन्धमा यस पछि बस्ने कार्यपालिकाको बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्ना अधिकार क्षेत्रका बिषयमा ऐन, नियम तथा निर्देशिका बनाउन सक्ने व्यवस्था भएको र सोही ऐनको सोही दफाको उपदफा (३) मा स्थानीय तहले बनाएको त्यस्तो कानून स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्ने व्यवस्था भएकोले यस नगरपालिकाले निम्नानुसारका ४ भागमा राजपत्र प्रकाशन गर्ने र त्यसरी प्रकाशन गर्ने राजपत्रमा निम्नानुसारका भागमा निम्नानुसारका बिषयहरु प्रकाशन गर्ने तथा सोको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतले गर्ने निर्णय गरियो ।

(क) भाग १ – ऐन तथा अध्यादेशहरु

(ख) भाग २ – नियमावली तथा कार्यपालिकाबाट जारी भएका आदेश, अधिकारपत्रहरु

(ग) भाग ३ – कार्यविधि, निर्देशिकाहरु

(घ) भाग ४ – अन्य स्थानीय तह तथा अन्य निकाय संग भएका सम्झौताहरु

**निर्णय नं. ८**

उपभोक्ता समितिले योजना सञ्चालनको क्रममा समितिले नगरपालिकामा राखेको जन सहभागीताको रकमको हद सम्म पेश्की दिने भन्ने यस भन्दा अगाडीको निर्णयमा पुर्नविचार गरी रु. ५ लाख भन्दा माथिका योजनाहरुको हकमा मात्र प्रक्रियागत रुपमा पेश्की माग गर्न आएमा पेश्की दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

विभिन्न संघ संस्था, निकाय तथा समुदायले विभन्न समयमा आर्थिक सहायता माग गर्ने गरेकोमा त्यसलाई व्यवस्थित तथा नियन्त्रण गर्न कार्यक्रमको औचित्यता हेरी अधिकतम रु.२०,०००।- सम्म प्रमुखज्यूले प्रदान गर्ने र सो भन्दा माथिको हकमा कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस नगरपालिकालाई विभिन्न कानूनी बिषयमा राय परामर्श लिन एक जना कानूनी सल्लाहकार आवश्यक भएकोले खैरहनी नगरपालिका वडा नं. ८ निवासी अधिवक्ता श्री कमल पाठकलाई कानूनी सल्लाहकारको रुपमा राख्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस नगरपालिका अन्तरगतका वडा नं. ३ र वडा नं. ८ को कार्यालय भवन निर्माण कार्य यसै आ.व.बाट शुरु गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

सरकारी कामको सिलसिलामा यस नगरपालिकाका वडा अध्यक्षज्यूहरु भरतपुरबाट कार्यालय तर्फ फर्कने क्रममा मिति २०७४/११/६ गते सवारी दुर्घटनामा परी चितवन मेडीकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचारको क्रममा निधन भएको र सोही दुर्घटनामा परी यस कार्यालयका सवारी चालक श्री राजकुमार अधिकारी घाईते हुनु भई सोही अस्पतालमा उपचार गराईएकोले उहाँहरुको उपचारको लागि लागेको उपचार खर्च तथा औषधीको रकम चितवन मेडीकल कलेजमा भुक्तान गर्न बाँकी रहेकोले उक्त रकम पछि सोधभर्ना गरी पूर्ती गर्ने गरी हाललाई कर्मचारी कल्याण कोषबाट खर्च लेखी भुक्तानी दिन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।